# दूर सिकाइतर्फ स्थानान्तरण

# परिवार समीक्षा

*२०२०-२१ स्कूल फिर्तीका लागि योजना बनाउँदा, जेफ्को पब्लिक स्कूल्सले कोभिड-१९ महामारी भएको वसन्त २०२० बाट हामीले हामीले सिकेको कुरामा आधारित रहेर दूर सिकाइ योजना अद्यावधिक गर्दैछ। यस अद्यावधिक गरिएको समीक्षाले स्कूलहरू कसरी दूर सिकाइतर्फ स्थानान्तरण हुँदै छन् भन्ने कुरा व्याख्या गर्छ जसले गर्दा स्वास्थ्य मार्गदर्शनहरूले व्यक्ति-उपस्थित सिकाइ प्रभावित भएमा, विद्यार्थीहरूले उनीहरूको शिक्षालाई निरन्तरता दिन सकून्।*

## दूर सिकाइमा स्थानान्तरण हुनका लागि सर्तहरू

1) यदि जेफर्सन काउन्टी सामुदायिक स्वास्थ्यले सकारात्मक केसहरूको पुनरुत्थानका कारण काउन्टी घरमा बस्ने सामुदायिक स्वास्थ्य आदेशमा पुनर्प्रवेश गर्नु पर्ने निर्धारण गरेमा जेफ्को पब्लिक स्कूल्स सम्पूर्ण विद्यार्थीहरूका लागि दूर सिकाइमा स्थानान्तरित हुनेछन्।




2) निम्नलिखित परिस्थितिले स्कूल, ग्रेड वा टोली तहमा दूर सिकाइमा स्थानान्तरणलाई उत्प्रेरित गर्न सक्छन्:

## एकल केस




यदि कुनै विद्यार्थी वा स्टाफ सदस्य कोभिड-१९ का लागि सकारात्मक देखिन्छ भन्ने, उनीहरूको निकटतम टोली (हरू) लाई सकारात्मक विद्यार्थी/स्टाफ सदस्यलाई कोभिड-१९ को पहिलो लक्षण देखिएदेखि १४ दिनका लागि क्वारेन्टाइन गरिनेछ।

## सानो प्रकोप




यदि स्कूलमा प्रकोप भयो भने (यदि कुनै स्कूलमा दुई भिन्न टोलीहरूमा दुई सकारात्मक कोभिड-१९ केसहरू देखिए, त्यसलाई प्रकोप भनी परिभाषित गरिएको छ) सबै विद्यार्थीहरूका लागि स्कूल २४ घण्टाका लागि गहन सफाई गर्नका निमित्त बन्द गरिनेछ। २४ घण्टा पछि, दुईवटा सकारात्मक केसहरूले प्रभावित दुईवटा टोलीहरू **बाहेक** अन्य सम्पूर्ण विद्यार्थीहरू व्यक्ति-उपस्थित सिकाइमा फर्किनेछन्।

## बहु प्रकोपहरू




यदि १४ दिनभित्रमा २ वटा प्रकोपहरू भए भने, हाल सकारात्मक देखिएको व्यक्तिलाई लक्षण देखिएको पहिलो दिनदेखि १४ दिनसम्मका लागि स्कूल दूर सिकाइमा स्थानान्तरण हुनेछ।

## ठूलो प्रकोप




यदि १४ दिनभित्र ५% असम्बन्धित विद्यार्थी/स्टाफ सदस्यलाई सकारात्मक कोभिड-१९ केस भए, सबैभन्दा पछिल्लो व्यक्तिलाई लक्षण देखिएको दिन देखि १४ दिन सम्मका लागि स्कूल बन्द हुनेछ। यस अवधिमा स्कूल दूर सिकाईमा स्थानान्तरित हुनेछ।

## कोभिड-१९ का सकारात्मक केसहरू तथा आगामी कदमहरू

- यदि कुनै कोभिड-१९ को सकारात्मक केस देखिएमा, जेफ्को पब्लिक स्कूल्सले जेसिपिएचसँग काम गर्नेछ तथा सहकार्यात्मक विधिले विकसित गरिएको क्वारेन्टाइन प्रक्रिया पालना गर्नेछ। हाम्रो क्वारेन्टाइन प्रक्रिया सिडिपिएचइको बच्चा स्याहार एवम् स्कूलहरूमा केस तथा प्रकोपहरू सँग संरेखित छ।
- भवनका लक्षणात्मक स्टाफ तथा विद्यार्थीहरूले सुरक्षित रूपमा भवन छोड्न नसकुन्जेल निर्धारित मेडिकल सुरक्षित कक्ष (स्वास्थ्य कक्ष होइन, किनकि सो उपलब्ध राख्नु पर्नेछ)मा जानु पर्नेछ।
- डिस्ट्रिक्ट आरएनहरू, स्वास्थ्य सहयोगीहरू, र अन्य निर्धारित स्टाफहरूसँग मेडिकल सुरक्षित कक्ष र लक्षणात्मक विद्यार्थीहरू तथा स्टाफको व्यवस्थापनका लागि बढी विस्तृत तालिम हुन्छ। घर पठाइएका सम्पूर्ण लक्षणात्मक स्टाफ तथा विद्यार्थीहरूका लागि डिस्ट्रिक्टका आरएनहरूले फलो-अप जारी राख्नेछन्।
- संदिग्ध र पुष्टि भएका केसहरूका विषयमा जेसिपिएचको संयोजनमा निम्न सामेल छन्:
  - जेसिपिएचले हरेक स्कूलहरूका लागि केस अनुसार क्रिया विधि निर्धारण गर्नका लागि जेफ्को पब्लिक स्कूल्सका नेतृत्व टोलीलाई सहयोग गर्नेछ।
  - जेफ्को पब्लिक स्कूल्सका स्वास्थ्य सेवाका निर्देशक तथा सञ्चार विभागद्वारा स्कूल प्रशासनको सहकार्यमा सूचना पत्रहरू प्रेषित गरिनेछ।

## दूर सिकाइतर्फ स्थानान्तरण

**दूर सिकाइमा फर्किने घोषणाको एक दिन पछि**

प्रत्येक स्कूलले आफूहरू कति छिटो दूर सिकाइमा समायोजन हुन सक्छन् भन्ने निर्धारण गर्नेछन् (तत्काल वा एक दिन बन्द भए पछि यदि स्कूल नेतृत्वले आवश्यक ठानेमा)। विद्यार्थीहरू कहिलेदेखि अनलाइनमा आउन सक्छन् भन्ने निर्णय उनीहरूले गर्नेछन्। शिक्षकहरूलाई आफ्ना कक्षा)हरू(का लागि अनलाइन सिकाइ स्थल स्थापित गर्न मद्दत गर्न समय प्रदान गरिनेछ। एड टेक टोली मार्फत वेबिनारहरू तथा सहयोगहरू उपलब्ध गराइनेछ। स्कूलहरूले तुरुन्त आफ्ना परिवारहरूलाई सन्देश पठाउने तथा दूर सिकाइ तर्फको जारी समायोजनमा सहयोग गर्न जारी राख्ने अपेक्षा गरिन्छ।

**स्कूल दिन संरचनाहरू**

डिस्ट्रिक्टका अपेक्षाहरू अनुरूप प्रत्येक स्कूलले आफ्नै कार्यतालिकाहरू प्रकाशित गर्नेछन्। स्कूल वर्षको अवधिमा कुनै एक स्कूल वा डिस्ट्रिक्ट दूर सिकाइमा स्थानान्तरण हुँदा ती कार्यतालिकाहरू स्कूलहरूले साझा गर्नेछन्।

# सिकाइ प्रोटोकलहरू

वसन्तमा सिकिएका पाठहरूमा आधारित रहेर, विद्यार्थीहरूलाई दूर सिकाइ वा व्यक्ति-उपस्थित जेसुकैमा सेवा दिएता पनि डिस्ट्रिक्ट भरि स्कूलहरूले उच्च स्तरीय शिक्षा प्रदान गर्ने अपेक्षाहरू स्थापित गरिएका छन्।

डिस्ट्रिक्ट भरि साझा सिकाइ व्यवस्थापन प्रणाली (एलएमएस) प्रयोग गरिनेछन्:

- सीस (पिके-३)
- गुगल कक्षाकोठा (३-१२)
- स्कूलोलोजी (६-१२)

हरेक हप्ता विद्यार्थीहरूले आफ्ना शिक्षकहरूसँग आमुन्ने-सामुन्ने वातावरणमा अन्तरक्रिया गर्नेछन् (जूम वा गुगल मिट)।

विद्यार्थीहरूले हरेक दिन न्यूनतम ३ घण्टाको समकालिक सिकाइ अनुभव गर्नेछन्। **समकालिक सिकाइ** एउटा उपागम हो जसमा शिक्षकहरू र विद्यार्थीहरू निर्धारित तालिकासहित एउटै समयमा अनलाइन हुनेछन्। शिक्षकले निर्धारित समयमा सिकाइका स्रोतहरू र/वा असाइनमेन्टहरू प्रदान गर्नेछन्।

**असमकालिक सिकाइ** एउटा उपागम हो जसमा शिक्षकहरू र विद्यार्थीहरू एउटै समयमा अनलाइन हुँदैनन्। शिक्षकले सिकाइ स्रोतहरू र/वा असाइनमेन्टहरू प्रदान गर्न सक्छन् जुन विद्यार्थीको अनुकूल समयमा स्वतन्त्र रूपमा गर्न सकिन्छ।

**ग्रेडिङ तथा मूल्याङ्कन नीतिहरू**

कोभिड-१९ का कारण राज्यका मूल्याङ्कनहरू रद्द भएकाले, जेफ्कोले आफ्ना विद्यार्थीहरूको आवश्यकता निर्धारण गर्नका निमित्त ग्रेडिङ नीतिहरू तथा एउटा मूल्याङ्कन योजनाका लागि मार्गदर्शनलाई निरन्तरता दिनेछ। डिस्ट्रिक्टले एमएपि, एकाडिएन्स, तथा किन्डरगार्टन तयारी एसेसमेन्ट (केइए) सञ्चालन गर्नेछ जुन विद्यार्थी परीक्षण क्लालेन्डर सँग मेल खान्छ। यी परीक्षणहरूका लागि परिवार सहयोग प्रदान गरिनेछ जसमा निम्न सामेल छन्:

शैक्षिक प्रगतिको मापन ((एमएपि, म्याप ग्रेडहरू ३-१०का लागि) म्याप दूर परीक्षणका लागि परिवार सहयोग

- स्प्यानिस
- चिनियाँ
- भियतनामी
- अरबी

द एकाडियन्स एसेसमेन्ट

किन्डरगार्टन प्रारम्भिक एसेसमेन्ट (केइए) ) परिवार सहयोग (किन्डरगार्टन)

विशिष्ट ग्रेडि नीतिहरूमा बढी जानकारीका लागि कृपया आफ्नो स्कूलमा सम्पर्क गर्नुहोस्।

**उपस्थिति**

कुनै पनि विद्यार्थीको सफलताका लागि उपस्थिति प्रमुख हुन्छ। दूर सिकाइ उपस्थितिका लागि अपेक्षाहरूका बारेमा बढी जान्न आफ्नो स्कूलमा सोझै सम्पर्क राख्नुहोस्। कुनै स्कूलका लागि दूर उपस्थिति निम्नलिखित तरिकाले गणना गर्न सकिनेछ:

- व्यक्ति-उपस्थित शिक्षणका बेलाको उपस्थिति;
- घरमा पूरा गरिएका असाइनमेन्टहरू;
- अनलाइन सिकाइ मञ्चमा लग इन गर्ने;
- घरमा पूरा गर्न सकिने काम गर्न सहमति जनाउँदै अनलाइन फाराममा हस्ताक्षर गर्ने;
- सिकाइको विद्यार्थी प्रदर्शन;
- शिक्षकको इमेल वा सञ्चारमा प्रतिक्रिया जनाउनु;
- पहिले नै रेकर्ड गरिएका शैक्षणिक भिडियोहरू हेर्नु; वा
- जूम वा गूगल कक्षाकोठा जस्ता मञ्चहरू मार्फत अनलाइन छलफलहरू वा मञ्चहरू अवलोकन गर्नु वा सहभागी हुनु।

**विद्यार्थी सहयोगहरू**

विशेष शिक्षा तथा सम्बन्धित सेवाहरू, समानता, विविधता तथा समावेशिता, सामजिक-भावनात्मक सिकाइ, परामर्श सेवाहरू, दोस्रो भाषाका रूपमा अङ्ग्रेजी र अन्य धेरै जस्ता विद्यार्थी सहयोगहरू दूर सिकाइ वातावरणमा पनि निरन्तर प्रदान गरिनेछन्।

# दूर सिकाइ तयारी

**परिवारहरूले निम्न कार्य गरेर विद्यार्थीहरूलाई दूर सिकाइका लागि तयारी गर्न मद्दत गर्न सक्नेछन्:**

- विद्यार्थीहरू व्यक्ति-उपस्थित सिकाइमा हुँदा, उनीहरूले हरेक बेलुका आफ्ना क्रोमबुकहरू, आइप्याड, ल्यापटप, चार्जर तथा हेडफोन घरमा ल्याउने बानी बसाल्न आवश्यक छ।
  - यदि कुनै विद्यार्थीलाई कुनै उपकरण सापटी लिनु परे, अतिरिक्त उपकरणहरू छन् कि छैनन् भनेर निर्धारण गर्न उनीहरूले आफ्ना स्कूलहरूसँग काम गर्नु पर्नेछ।
- विद्यार्थीहरूले आफ्ना घरहरूमा उच्च-गतिको इन्टरनेट कनेक्सन भएको सुनिश्चित गर्न आवश्यक छ।
  - इन्टरनेट नभएका विद्यार्थीहरूका लागि, चेकआउटका लागि कुनै हट स्पट उपलब्ध हुन सक्छ। कृपया आफ्नो स्कूलमा सम्पर्क राख्नुहोस्।
- आफ्ना विद्यार्थीको लगइनहरू र पासवर्डहरू थाहा पाउनुहोस्।
- पासवर्ड रिसेट टूलमा रजिस्टर गर्नुहोस्।
- घरबाट आफ्नो स्कूलमा कसरी सम्पर्क गर्ने सिक्नुहोस्।
- क्रोमबुक, ल्यापटप, वा आइप्याड मार्फत आफ्नो शिक्षकसँग कसरी सम्पर्क गर्ने जान्नुहोस्।
- घरमा सिक्नका लागि ध्यान दिन एउटा स्थान स्थापित गर्नुहोस्।
- केही स्वतन्त्र रूपमा पढ्ने किताबहरू राख्नुहोस्।
- एप्लिकेसनहरू तथा प्रविधिका धेरै आम प्रश्नहरूको उत्तर दिनका लागि उपलब्ध प्रविधि स्व-मद्दत स्रोतहरू को प्रयोग गर्नुहोस्।

- विद्यार्थीहरूका लागि जेफ्कोको दूर सिकाइ सुझावहरू हेर्नुहोस्।

## प्रविधि सहयोगहरू

**विद्यार्थीहरूका लागि इन्टरनेट जडान**

भरपर्दो इन्टरनेट पहुँच नभएका विद्यार्थीहरू र परिवारहरूले मद्दतका लागि आफ्नो स्कूलमा सम्पर्क गर्नु पर्नेछ। त्यस पछि स्कूल स्टाफले दूर सिकाइका लागि विद्यार्थीहरूसँग घरमा इन्टरनेटको पहुँच भएको सुनिश्चित गर्न केन्द्रीय आइटि स्टाफ, सामुदायिक साझेदारहरू (जस्तै जेफ्को स्कूल्स पाउन्डेसन तथा जेफर्सन काउन्टी सामुदायिक पुस्तकालय), व्यवसायहरू, र अन्यसँग काम गर्नेछन्। विचार गर्नका लागि न्यून-शुल्क इन्टरनेट विकल्पहरू पत्ता लगाउनुहोस्।

**विद्यार्थी उपकरणहरू**

हामीसँग उपलब्ध उपकरणहरूको कुल सङ्ख्या डिस्ट्रिक्टले पहिचान गरेको छ र ती उपकरणहरूको पुनर्वितरण गर्नका लागि काम गरिरहेको छ जसले गर्दा प्रत्येक विद्यार्थीसँग दूर सिकाइका लागि प्रयोग गर्न एउटा उपकरणमा पहुँच प्राप्त होस्। टेकफरएड कार्यक्रमको अंशका रूपमा ५औँ र ९औँ ग्रेडका सम्पूर्ण विद्यार्थीहरूले स्कूल वर्षको सुरुमा नयाँ उपकरण प्राप्त गरेका छन्। उनीहरूले पहिले प्रयोग गरिरहेका स्कूलको स्वामीत्व भएका उपकरणहरू तल्लो ग्रेड तहमा पुनर्वितरण गरिँदैछ। हाम्रा ६औँ र १०औँ ग्रेडका विद्यार्थीहरूले यस कार्यक्रम अन्तर्गत गत वर्ष उपकरणहरू प्राप्त गरे।

**विद्यार्थीहरू तथा उनीहरूका परिवारहरूलाई सहयोग गर्ने**

हामीले विद्यार्थीहरू तथा उनीहरूका परिवारहरूका लागि बाह्य प्राविधिक हेल्पलाइन ३०३-९८२-३४३८ मा स्टाफलाई निरन्तरता दिएका छौँ। यस अतिरिक्त, हामीले प्राविधिक मामिलाहरूमा कसलाई सम्पर्क गर्ने नेभिगेट गर्न परिवारहरूलाई मद्दत गर्न एउटा फ्लोचार्ट विकसित गरेका छौँ। हाम्रो सामुदायिक वेबसाइटमा दुइटा उत्तम स्रोत पृष्ठहरू छन्: उपकरण सहयोग पृष्ठ र हाम्रो प्राविधिक सहयोग पृष्ठ, जसमा क्रोमबुक्स, आइप्याड, गुगल कक्षाकोठा, स्कूलोलोजी, सीस र बढीका लागि स्रोतहरू सामेल छन्। धेरैजसो प्राविधिक स्रोतहरूलाई धेरै भाषाहरूमा अनुवाद गरिएको छ।

**प्रविधि औजारहरू**

एक्लिभ्ली लर्न, एडोब स्पार्क, स्क्रिनकास्टिफाइ, र जूम जस्ता अतिरिक्त डिजिटल औजारहरू रिलिज गर्न तथा सहयोग गर्न साथसाथै यस वर्ष हाम्रो गतिशील शैक्षिक वातावरणलाई पूर्ण गर्न विद्यमान औजार प्रयोग र प्रक्रियाहरूलाई स्ट्रिमलाइनिङ गर्नका लागि आइटि तथा एड टेकले सँगै काम गरेका छन्।

जेफ्को उपकरणहरूमा आफ्ना विद्यार्थीहरूका क्रियाकलापहरूको अनुगमन र नियन्त्रण गर्न परिवारहरूलाई सेक्युर्ली होम एप मा पहुँच हुनेछ। डिस्ट्रिक्ट-ब्यापी शिक्षकहरूले प्रयोग गर्नका लागि डिस्ट्रिक्टले सेक्युर्ली कक्षाकोठा व्यवस्थापन औजार पनि खरिद गरेको छ। सेक्युर्ली कक्षाकोठा व्यवस्थापनको एउटा प्रमुख लाभ भनेको यसलाई व्यक्ति-उपस्थित र भर्चुअल कक्षाकोठा दुवै वातावरणमा प्रयोग गर्न सकिन्छ।

## खाद्य र पोषण सेवाहरू

खाद्य र पोषण सेवाहरू ले विद्यार्थीहरूका लागि "लिने र जाने" खानाहरू प्रदान गर्न जारी राख्नेछ। स्कूल वा डिस्ट्रिक्ट दूर सिकाइमा स्थानान्तरित भएका खण्डमा "लिने र जाने" सेवाहरूका लागि स्थानहरू र समय निर्धारित गरी सञ्चार गरिनेछ।

## बच्चास्याहार सेवाहरू

दूर सिकाइमा स्थानान्तरित भएको खण्डमा ग्रेडहरू पिके-५ का विद्यार्थीहरूका लागि सीमित स्कूल स्थलहरू र सिटहरू बच्चा स्याहारका लागि उपलब्ध गराइनेछ। उपलब्ध स्थलहरू र सिटहरूको सङ्ख्या त्यसबेलाका सामुदायिक स्वास्थ्य मार्गदर्शनहरूमा आधारित रहेर निर्धारण गरिनेछ। सिटहरूमा गरिने निर्णयहरू आवश्यकतामा आधारित रहेर गरिनेछ, जस्तै निःशुल्क तथा न्यूनशुल्क लन्च (एफआरएल) का लागि योग्य हुने विद्यार्थीहरू।

## परिवारहरूसँग गरिने सञ्चार

यस स्थानान्तरण तथा दूर सिकाइको समयमा जेफ्को पब्लिक स्कूल्सले परिवारहरूसँग निरन्तर सञ्चार गरिरहनेछ। हाम्रो *सामुदायिक अपडेट* इमेल सूचनापत्र मार्फत डिस्ट्रिक्टले महत्त्वपूर्ण अपडेटहरू प्रदान गर्ने कामलाई निरन्तरता दिनेछ। स्कूलहरूले र शिक्षकहरूले आफ्ना निर्दिष्ट कार्यतालिकाहरू, कक्षाहरू, र आफ्नो स्कूलका विवरणहरूका बारेमा सञ्चार गर्नेछन्। यस अतिरिक्त, घोषणाहरू र महत्त्वपूर्ण अपडेटहरू निम्न मार्फत साझा गरिनेछ:

- jeffcopublicschools.orgमा डिस्ट्रिक्ट वेबसाइट
- तपाईँको स्कूलको वेबसाइट तथा सामाजिक सञ्जाल च्यानलहरू
- डिस्ट्रिक्ट तथा स्कूल सूचनापत्र तथा इमेलहरू
- फोन कलहरू तथा टेक्स्ट सन्देशहरू
- डिस्ट्रिक्ट सामाजिक सञ्जाल च्यानलहरू
    - ट्वीटर
    - इन्स्टाग्राम
    - फेसबुक
    - टिमजेफ्को ट्वीटर
    - टिमजेफ्को इन्स्टाग्राम
- नयाँ मिडिया आउटलेटहरू

यदि तपाईँले इमेल, फोन कलहरू, वा टेक्स्ट सन्देशहरू प्राप्त गरिरहनुभएको छैन भने, कृपया आफ्नो सम्पर्क जानकारी सेटिङ जेफ्को कनेक्ट मा जाँच गर्नुहोस् वा अतिरिक्त सहयोगका लागि आफ्नो स्कूलको कार्यालयमा सम्पर्क गर्नुहोस्।

सम्पूर्ण परिवारहरूले डिस्ट्रिक्टको समुदाय अपडेट इ-सूचनापत्र प्राप्त गरिरहेको हुनु पर्नेछ। यदि तपाईँले प्राप्त गरिरहनु भएको छैन, वा पहिले अनसब्सक्राइब गर्नु भएको छ भने, समुदाय अपडेटहरू इमेल सूचीमा जोडिनका लागि साइन अप गर्नुहोस्।

| दूर सिकाइका लागि डिस्ट्रिक्ट सहयोगहरू | फोन नम्बर |
| --- | --- |
| जेफ्को पब्लिक स्कूल्स प्रमुख लाइन | ३०३-९८२-६५०० |
| चार्टर स्कूल कार्यालय | ३०३-९८२-६८०५ |
| समुदाय र परिवार कनेक्सनहरू | ३०३-९८२-११८४ |
| समानता, विविधता, र समावेशिता | ३०३-९८२-६५५९ |
| खाद्य र पोषण सेवाहरू | ३०३-९८२-६७४८ |
| गिफ्टेड र ट्यालेन्टेड | ३०३-९८२-६६५० |
| स्वास्थ्य सेवाहरू | ३०३-९८२-७२५१ |
| प्रिस्कूल (प्रारम्भिक सिकाइ विभाग) | ३०३-९८२-१७३७ |
| सेफटुटेल | १-८७७-५४२-७२३३ |
| विशेष शिक्षा समुदाय सहयोग लाइन | ३०३-९८२-६६८२ |
| प्राविधिक सहयोग परिवार हेल्पलाइन | ३०३-९८२-३४३८ |

restartjeffco.com